## लिसंखु पाखर गाउँपालिका को आ.व. ०७५/७६ को वार्षिक र आ.व. ०७६/०७७ को प्रथम चौमासिक सम्मको योजना समीक्षा कार्यक्रम

यस समीक्षा कार्यक्रमका आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, उपस्थित गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत सहकर्मी कर्मचारी मित्रहरु तथा पत्रकार साथीहरु,

लिसंखु पाखर गाउँपालिकाको आ.व. ०७५/०७६ को वार्षिक योजना तथा कार्यक्रम र ०७६/०७७ को प्रथम चौमासिकको प्रगती विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

उपस्थित आदरणीय महानुभावहरु अघिल्लो वर्ष २०७५।३।१० गते तेस्रो गाउँ सभाबाट आ.व. ०७५।७६ का लागि स्वीकृत नीति कार्यक्रम, बजेट ,योजना कार्यान्वयन अवस्था र चालु आ.व.०७६/०७७ को लागि सम्पन्न पाचौं गाउँसभाबाट स्वीकृत नीति कार्यक्रम, बजेट मध्ये प्रथम चौमासिकमा कार्यान्वयनको अवस्था र गाउँपालिका क्षेत्रभित्र प्रशासनिक व्यवस्थापन एवं शिक्षा, स्वास्थ्य लगाएत सामाजिक एवं आर्थिक विकास र सेवा प्रवाह सम्बन्धमा भएका कार्य प्रगती र चुनौती एवं समस्याहरुका बारेमा समीक्षा गर्न हामी उपस्थित भएका छौं ।

राज्य पुनर्संरचना पश्चात गठित यस गा.पा.मा साविक ६ वटा गा.वि.स.लाई मिलाएर ७ वटा वडा र एउटा गाउँ कार्यपालिकाको कार्यालय रहेको छ ।लिसंखु पाखर गाउँपालिका कुल ९८.४ वर्ग की.मी. क्षेत्रफलमा फैलिएको छ । वि.सं.२०६८ सालको जनगणना अनुसार जनसंख्या १५१६४ रहेको छ। अधिकाँस क्षेत्र विकट भूगोल सहितका पहाडी क्षेत्र रहेको छ । भौतिक पूर्वाधारको विकास न्यून रहेको छ । वर्षादको समयमा अधिकाँश सडकहरुमा नियमित सवारी साधन सञ्चालनमा कठीनाई भएको छ ।

यस गाउँपालिकाको आवश्यकता असिमित रहेका छन् । स्रोत र साधनहरु सीमित छ । सीमित स्रोत र साधनलाई असिमित आवश्यकता पूरा गर्ने प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम छनौट र प्राथमिकीकरण गर्नुपरेको छ । २०७५।३।१० गते सम्पन्न तेस्रो गाउँ सभाबाट आ.व. ०७५/०७६ को लागि कुल रु.३२,५०,७८,६६६।३० को वार्षिक बजेट स्वीकृत भएकोमा शशर्त अनुदान रु.७८,७८,००० थप भई आ.ब.को अन्त्यमा रु.३३,२९,५६,६६६ कायम भएको थियो । जसमध्ये खर्च चालु तर्फ रु.३,३६,०६,५०० र पूँजीगततर्फ रु.१४,१३,३७,१६६ र सशर्ततर्फ रु.११,८०,१३,००० विनियोजन भएको थियो । विनियोजित रकम मध्ये चालुतर्फ रु. २,४८,४१,७३५ पूँजीगततर्फ रु.१२,२८,३६,८४४ र सशर्ततर्फ रु.१०,६४,४९,०८३ खर्च भई जम्मा रु.२९,३०,४४,८६२ (८८.०१%) वित्तीय

प्रगती हासिल भएको छ । यस सम्बन्धी विस्तृत वित्तीय प्रगती विवरण शाखागत प्रस्तुतीमा पेश गर्दछु ।

उपरोक्तानुसार बजेट र सेवा प्रवाहको कार्यान्वयनको अवस्थाबाट सञ्चालित गतिविधिहरु सम्बन्धी इकाइगत विवरण प्रस्तुत गर्दछु ।

१) कर्मचारी व्यवस्थापन तथा प्रशासनिक व्यवस्थापन शाखा :

लिसखु पाखर गा.पा.भित्र गाउँपालिका कार्यालय र ७ वटा वडा कार्यालयहरु मार्फत विकास निर्माणका कार्यहरु साथै सेवा प्रवाह भै रहेको छ । गाउँपालिका कार्यालयमा सघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी अनुसार प्रमुख प्रशासकिय अधिकृत समेत जम्मा १८, कृषि तथा पशुसेवा तर्फ १२, सुचना प्रविधि तर्फ १ गरी जम्मा ३१ जनाको दरबन्दी स्वीकृत रहेकोमा गत वर्ष १६ जना कर्मचारी मार्फत सेवा प्रदान गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु तर्फ सबै वडा कार्यालयहरु सुचारु रुपमा सम्पन्न गर्न स्थाई र करार सेवाका कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरि सेवा प्रवाहलाई नियमित गरिएको थियो । योजनाका कामहरु गुणस्तरीय र प्रभावकारी रुपमा सम्पन्न गर्न गा.पा. र वडा कार्यालयहरुमा प्राविधिक कर्मचारीहरुको करार सेवा मार्फत ब्यवस्थापन गरी योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी बनाउँने प्रयास गरिएको थियो । प्रशासन तर्फका कर्मचारी व्यवस्थापन हुन नसकी वडा नं. ३ मा रिक्त वडा सचिबको काम वडा नं. २ मा कार्यरत वडा सचिबलाई जिम्मेवारी प्रदान गर्दा १ जनाबाट २ वटा वडा हेर्दा स्वभाविक रुपमै सेवा प्रवाह कमजोर भएको देखिन्छ । आ.ब. को अन्त्यमा वडा नं. ५ मा समेत वडा सचिव समायोजन पदस्थापना भई गए पश्चात सम्बन्धित वडाका प्राविधिक कर्मचारीबाट प्रशासनिक सेवा समेत प्रवाह गर्नु गरेको छ ।

गाउँपालिका कार्यालय एवं वडा कार्यालयहरुमा सेवाको कार्य प्रगति अनुसार कार्य विभाजन गरी कार्य गरिएको सेवा प्रबाहलाई नियमित गरिएको र समयमै प्रभावकारी रुपमा सेवा प्रदान गर्ने प्रयास गरिएको थियो । तथापी सिमित सख्याका कम अनुभवी कर्मचारीहरुबाट सेवा प्रदान गर्दा यदाकदा जनगुनासो समेतको सामना गर्नु परेको छ । हाल लोक सेवा आयोग मार्फत केही पदहरु पदपूर्तिका लागि सिफारिस भएता पनि लिसखु पाखर गाउँपालिकाको प्रशासकीय कार्य स्वीकृत दरबन्दी तेरीज बमोजिम सबै विषयगत शाखा तथा अन्तर्गतका कार्यालयका लागि आवश्यक कर्मचारीको पूर्ती नभइसकेको सन्दर्भमा तत् तत् शाखा तथा कार्यालयहरुमा तत् तत् सेवा र समुहका कर्मचारी नभइसेको भएपनि एकै कर्मचारीले एक भन्दा बढी शाखाको कार्यभार सम्हालिरहेको अवस्था छ भने कार्यालयका प्रशासकिय प्रमुखको कार्यबोझलाई केही मात्रामा भएपनि कम गर्ने गरि हाल उपलब्ध अधिकृत स्तरका कर्मचारीलाई विभिन्न

शाखाको जिम्मेवारी प्रदान गरि सकेसम्म जुन शाखाको काम हो सोही शाखाबाट कार्य सम्पादन हुने गरि व्यवस्था मिलाइएको छ । साथै प्रमुख प्रशासकिय अधिकृतका केही अधिकार मातहत शाखाका शाखा प्रमुखलाई प्रत्यायोजन गरी सेवा प्रबाहलाई छिटो, छरितो बनाईएको छ भने सम्बन्धित शाखा प्रमुखलाई थप जिम्मेबार हुने गरि कार्य बिभाजन गरिएको छ ।

२) सामाजिक विकास शाखा

(क) सामाजिक विकास र सुरक्षा तर्फ

लिसंखु पाखर गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७४।३ ।२१ मा स्वीकृत कार्य विभाजन नियमावली बमोजिम सामाजिक विकास शाखा गठन भएको छ । सामाजिक विकास शाखाले महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक लगाएत यस गाउँपालिकामा बसोबास गर्ने लक्षित वर्गको सामाजिक सुरक्षा, सशक्तीकरण,सबलीकरण र मूलप्रवाहीकरण गर्नका लागि स्वास्थ्य, शिक्षा,सामाजिक सुरक्षा, विभिन्न किसिमका सीपयुक्त तालिमहरु विकास र सचेतनामूलक कार्यक्रम संचालन गर्दै आएको छ । गाउँपालिकामा भौतिक विकासका लहरसँगै समानान्तर सामाजिक विकास गरी समावेशी ,सभ्य र समृद्ध समाजको निर्माण गर्नका लागि सामाजिक विकास शाखाको महत्वपूर्ण भूमिका रहेको छ । लक्षित वर्गको विकास र सामाजिक सशक्तीकरणको लागि महिला, बालबालिका,अपाङ्ग जेष्ठ नगरिकका वडा तहदेखि गाउँपालिका तह सम्म समिति तथा सञ्जालहरु गठन गरी लक्षित वर्गका कार्यक्रम सोही वर्गको सहभागितामा सुव्यवस्थित गरिएको छ । त्यस्तै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुलाई परिचय पत्र पनि गा.पा. बाट प्रदान गर्न सुरु गरिएको छ र नेपाल सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता नियमित रुपमा प्रदान गरिँदै आएको छ । साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग अन्तर्गतका पञ्जीकरणतर्फका कामहरु सबै वडा कार्यालयका वडा सचिवहरुमार्फत सम्पादन हुँदै आएका छन् र राष्ट्रिय परिचयपत्र सम्न्धी कार्यक्रमका लागि २ जना कर्मचारीहरु नियुक्त भएका छन् ।

(ख) शिक्षातर्फ लिसंखु पाखर गाउँपालिकाका सामुदायिक विद्यालयतर्फ स्नातक क्याम्पस १, उ.मा.वि. ४, मा.वि. ७, नि.मा.वि. ३ र प्राथमिक १२ र सामुदायिक सिकइ केन्द्र ३. गरी जम्मा ३० वटा सामुदायिक शिक्षण संस्था तथा ४ वटा निजी विद्यालय समेत जम्मा ३४ वटा शैक्षिक संस्था मार्फत शैक्षेणिक कृयाकलापहरु रहेका छन् । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थीहरुको

प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न सामुदायिक विद्यालयहरुको सुदृढीकरण अभियान सुरुवात गरिएको छ । यसका लागि नियमित रुपमा मासिक बैठकहरु सञ्चालन भैरहेका छन् । विद्यालयहरुमा विद्युतीय हाजिरको व्यवस्था गरिएको छ । विद्यालयहरुको प्रभावकारी मूल्याङ्कनका लागि मूल्याङ्कन प्रणालीको विकास र विद्यालयको प्र.अ. सँग कार्यसम्पादन सम्झौता गर्ने गरी कार्य अगाडि बढाइएको छ ।

(ग) स्वास्थ्यतर्फ यस गाउँपालिका भित्र ६ वटा स्वास्थ्य संस्था १ वटा सामुदायिक स्वास्थ्य इकाई रहेका छन् । जसमध्ये ३ वटा बर्थिङ सेन्टर सहितका स्वास्थ्य क्षेत्र रहेका छन् । यी ७ वटै स्वास्थ्य संस्थामार्फत नि:शुल्क स्वास्थ्य परीक्षण औषधी वितरण लगाएतका स्वास्थ्य सेवाहरु प्रदान हुँदै आएका छन् । यस गा.पा. भित्रका स्वास्थ्यसंस्थाहरुलाई भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाका रुपमा विकास गर्नका लागि प्रयासहरु भएका छन् । स्वास्थ्य संस्थाबाट नेपाल सरकारले निर्धारण गरेका सेवा उपलब्ध गराउनुको साथै सबै स्वास्थ्य संस्था अन्तर्गत स्वास्थ्य र सरसफाइ सम्बन्धी जनचेतना, पूर्ण खोप सुनिश्चिततालाई दिगोपना, गर्भवतीहरुलाई भिडियो एक्स रे सेवा सञ्चालनमा रहेका छन् । साथै ल्याव सेवालाई सञ्चालनमा ल्याउन प्रक्रिया थालिएको छ । गर्भवती महिलाको प्रजनन स्वास्थ्य र पोषणमा सुधार ल्याउन जीरो होम डेलिभरीका लागि स्वास्थ्य संस्थामा प्रत्येक पटक गर्भ जाँच गराउन आउँदा १ क्रेट अण्डा र १ के.जी. गेडागुडी थप प्रदान गर्ने कार्यको आरम्भ गरिएको छ । साथै, बर्थिक सेन्टरमा बच्चाको जन्म पछि टावल,नैनी र साबुन १/१ थान उपलब्ध गराउँने ब्यवस्था गरिएको छ । कर्मचारी समायोजन पश्चात न्यून संख्याका कर्मचारीबाट स्वास्थ्य संस्था संचालन गर्नुपरेता पनिगुणस्तरीय सेवा प्रवाहमा कमी हुन नदिन भरपुर प्रयास हुँदै आएको छ ।

### ३) आर्थिक विकास शाखा:

लिसखु पाखर गाउँपालिकामा बसोवास गर्ने समुदायको सम्बृद्धिबाट मात्र यस पालिकाको समग्र सम्बृद्धि सम्भावना छ । कृषि र पर्यटन क्षेत्रको विकासबाट मात्रै आर्थिक विकास गर्न सम्भव हुने देखिन्छ त्यसैले गाउँपालीकाले कृषि र पर्यटन क्षेत्रको विकासको लागी विशेष कार्यक्रमहरु संचालनमा ल्याएको छ । यस क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने योजनाहरु तथा पशुपंक्षिपालन र नगदे तरकारी तथा फलफुल बालीका लागि विशेष कार्यक्रमहरु संचालनमा ल्याएका छन् । कृषि पेशामा संलग्न कृषकका लागि बिउबिजन, बिरुवा, यन्त्र उपकरण अनुदानमा उपलब्ध छन् ,गत वर्ष १ वटा कृषि पाठशाला संचालन गरिएको छ, माटो सुधारका लागि चुन बितरण गरिएको छ , पशुपंक्षि पालनका लागि रिण उपलब्ध गराउँन कोषको व्यवस्था गरिएको छ । पर्यटकीय क्षेत्रहरुको पहिचान र बिकासका लागि प्रदेश सरकारसँग समेत सहकार्य गरी पर्यटकीय क्षेत्र विकास

कार्यक्रम सुरुवात भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक कर्मचारीको भर्ना प्रकृया सुरु गरिएको छ ।

(४) योजना तथा पूर्वाधार विकास शाखा:

ग्रामीण विकासको महत्वपूर्ण पक्ष पूर्वाधार विकास हो । वार्षिक बनेटको ठूलो अंस पूर्वाधार विकासमा लगानी भएको हुन्छ । पूर्वाधार विकासलाई दिगो, गुणस्तरीय र छिटोछरितो बनाउन सके परिवर्तन र विकासको अनुभूति सबै घर दैलोमा पुऱ्याउन सकिन्छ । यदि मूलमर्मलाई आत्मसात गर्दै योजना तथा पूर्वाधार विकास शाखालाई व्यवस्थित बनाइएको छ । योजना संचालनका लागि आवश्यक कर्मचारीहरु करार सेवा अन्तर्गत व्यवस्थापन गरिएको छ । योजना तथा कार्यक्रमको अनुगमन प्रणालीलाई प्रवावकारी बनाइएको छ । योजना संचालन का सरोकारवाला पक्षहरुलाई अनुशिक्षणको व्यवस्था मिलाइएको छ । योजना सम्झौताको कार्य सम्बन्धित वडामा नैं हुने व्यवस्था मिलाइएको छ । भवन निर्माण एवं नक्सापास मापदण्ड तयार गरी नक्सा पास कार्य गरिएको छ । गाउँपालिकाको मापदण्ड बन्नु भन्दा पहिले निर्माण भएका तथा मापदण्ड पुरा नभएका भवनहरुको अभिलेखीकरणको लागि कार्यविधि तयार गर्ने प्रकृया सुरु गरिएको छ ।

(५) ऐन नियम निर्माण र न्याय सम्पादन :

संविधान बमोजिम राज्य पुर्नसरचना पश्चात गठित स्थानिय तहहरु सरकारको रुपमा क्रियाशिल रहेका छन् । सरकार संचालन ऐन नियम बनाएर मात्र गर्नुपर्ने हुन्छ तथापी लिसखु पाखर गाउँपालीकाले बिगत देखि हाल सम्म पारित भएका ऐन, नियम, कार्यविधि एवं मापदण्ड गरी जम्मा ३५ वटा पारित भएका छन् ।

गत आ.ब.मा न्यायिक समिती समक्ष पेश भएका उजुरीको सख्या मध्ये गत जिम्मेवारी सरेर आएका समेत २३ वटा थियो भने १५ वटा फछ्यौट भई ८ वटा चालु आ.ब.का लागी सरेको थियो ।न्यायिक समिती मार्फत उक्त उजरीहरु उपर चालु आ.ब.मा फछ्यौटको कार्य भै रहेको छ ।

॥धन्यवाद ॥

प्रस्तोता :

पूर्ण प्रसाद दुलाल

प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७६।०९।१४ गते